**आकाशवाणी**

**May 27th, 2024** **Monday**

**प्रमुख समाचार:**

1. लोकसभा चुनावको सातौं र अन्तिम चरणको लागि प्रचारप्रसार तीव्र गतिमा
2. आत्मनिर्भर भारतको उद्देश्य स्वदेशी प्रतिभालाई बढावा दिनु र रोजगारी वृद्धि गर्नु रहेको प्रधानमन्त्री तथा भारतीय जनता पार्टीका वरिष्ठ नेता श्री नरेन्द्र मोदीको भनाइ
3. दिल्लीका मुख्यमन्त्री श्री अरविन्द केजरीवालद्वारा आफ्नो अन्तरिम जमानत थप सात दिन बढाउन सर्वोच्च अदालतमा निवेदन
4. अनि FIH हक्की प्रो लिग खेलमा भारतद्वारा अर्जेन्टिना पराजित

1. LS 7th Phase

लोकसभा चुनावको सातौं र अन्तिम चरणको प्रचारप्रसार चरम सीमामा छ। राजनीतिक दलका शीर्ष नेताहरुले र्‍याली र रोड शो गरिरहेका छन् । यस चरणमा जून १ मा ८ राज्यका ५७ सिटका लागि मतदान हुनेछ। मतगणना जून ४ मा हुनेछ ।

2. PM – Interview

प्रधानमन्त्री तथा भारतीय जनता पार्टीका वरिष्ठ नेता श्री नरेन्द्र मोदीले आत्मनिर्भर भारतको उद्देश्य स्वदेशी प्रतिभालाई बढावा दिनु र रोजगारी वृद्धि गर्नु रहेको बताउनुभएको छ। एक समाचार एजेन्सीलाई दिएको अन्तर्वार्तामा श्री मोदीले प्रत्यक्ष लाभ हस्तान्तरण-डीबीटी मार्फत जनतालाई ३८ लाख करोड रुपैयाँभन्दा बढी रकम पठाइएको बताउनुभयो। प्रधानमन्त्रीले सरकारको हरेक निर्णयको केन्द्रबिन्दु राष्ट्र प्रथम हुने बताउनुभयो ।

3. Amit Shah - UP

केन्द्रीय गृहमन्त्री तथा भाजपाका वरिष्ठ नेता श्री अमित शाहले राष्ट्रिय लोकतान्त्रिक गठबन्धन-एनडीएले जून ४ मा ४०० भन्दा बढी सिट पाउने र श्री नरेन्द्र मोदी फेरि एकपटक देशको प्रधानमन्त्री बन्ने बताउनुभएको छ। उत्तर प्रदेशको माउमा आयोजित जनसभालाई सम्बोधन गर्दै श्री शाहले यस्तो बताउनुभएको हो।

4. Rahul Campaign

बिहारमा लोकसभा चुनावको सातौं र अन्तिम चरणको लागि आज एनडीए र गठबन्धनका धेरै वरिष्ठ नेताहरू अनि प्रमुख प्रचारकहरूले आठ निर्वाचन क्षेत्रहरूमा आफ्ना उम्मेदवारहरूको लागि प्रचार गरे। कांग्रेस नेता श्री राहुल गान्धीले पटना साहिब, पाटलीपुत्र र आराह लोकसभा निर्वाचन क्षेत्रमा तीनवटा चुनावी सभा गर्नुभयो। श्री गान्धीले पटना साहिब संसदीय क्षेत्रको खुस्रुपुरमा आयोजित जनसभामा एनडीए सरकार हरेक वर्ष दुई करोड युवाहरूलाई रोजगारी दिन असफल भएको बताउनुभयो। राष्ट्रिय जनता दलका नेता श्री तेजस्वीप्रसाद यादवले पनि जेहानाबाद, पालीगञ्ज जगदीशपुर र बिहटाका विभिन्न संसदीय क्षेत्रहरूमा चुनावी सभा गर्नुभयो। अर्कोतर्फ जनता दल युनाइटेडका अध्यक्ष तथा मुख्यमन्त्री श्री नितिश कुमारले नालंदा संसदीय क्षेत्रको हिल्सामा रोड शो गर्नुभएको छ । सो अवसरमा श्री कुमारले आफ्नो सरकारले आगामी वर्ष १० लाख सरकारी रोजगारी दिने लक्ष्य हासिल गर्ने दाबी गर्नुभयो । मध्य प्रदेशका मुख्यमन्त्री तथा भाजपाका वरिष्ठ नेता डा मोहन यादव र बिहारका उपमुख्यमन्त्री श्री सम्राट चौधरीले पनि पाटलीपुत्र र पटना साहिब संसदीय क्षेत्रहरूमा जनसभा गर्नुभएको थियो। पटनाको मनेरमा बोल्दै श्री यादवले ५५ वर्षभन्दा बढी देशमा शासन गरेपछि कांग्रेसले अहिले गरिबी उन्मूलनको कुरा गर्नु निकै हास्यास्पद भएको बताउनुभयो।

5. EC - J & K Voting

निर्वाचन आयोगले हालै सम्पन्न लोकसभा चुनावमा जम्मू कश्मीरमा 58.46 प्रतिशत मतदान भएको बताएको छ। जुन पछिल्लो 35 वर्षमा सबैभन्दा बढी मतदाता सहभागिता हो। यो उल्लेखनीय सहभागिता बलियो लोकतान्त्रिक भावनाको प्रमाण हो। मुख्य निर्वाचन आयुक्त श्री राजीव कुमारले यो उपलब्धिको प्रशंसा गर्नुभएको छ।

6. President – Brahmakumaris

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले स्वार्थभन्दा माथि उठेर लोककल्याणको भावनामा काम गर्नु आन्तरिक आध्यात्मिकताको सामाजिक अभिव्यक्ति भएको बताउनुभएको छ । उहाँले लोककल्याणका लागि परोपकार सबैभन्दा महत्त्वपूर्ण आध्यात्मिक मूल्य भएको बताउनुभयो। राष्ट्रपति मुर्मुले नयाँ दिल्लीको भरत मण्डपममा ब्रह्मा कुमारीहरूद्वारा आज आयोजित कार्यक्रममा स्वच्छ र स्वस्थ समाजको लागि आध्यात्मिक सशक्तिकरणको राष्ट्रिय शुभारम्भ कार्यक्रमलाई सम्बोधन गर्दै हुनुहुन्थ्यो। 7. Nirmala – Budget

वित्त मन्त्री निर्मला सीतारमणले विगत एक दशकमा केन्द्रीय बजेटको पारदर्शिता र विश्वसनीयतामा धेरै सुधार भएको बताउनुभएको छ । सामाजिक विकास र पूर्वाधारमा लगानी सुनिश्चित गर्ने वित्तीय विवेक, पारदर्शिता र समावेशीता हाम्रो बजेटको विशेषता रहेको वित्तमन्त्रीले आज सामाजिक सञ्जालको एक पोस्टमा उल्लेख गर्नुभएको छ।

8. Arvind – SC - Bail

दिल्लीका मुख्यमन्त्री तथा आम आदमी पार्टीका राष्ट्रिय संयोजक श्री अरविन्द केजरीवालले स्वास्थ्य परीक्षणका लागि आफ्नो अन्तरिम जमानत सात दिन थप गर्न सर्वोच्च अदालतमा निवेदन दिनुभएको छ ।  यसैबीच, प्रवर्तन निदेशालयले गत हप्ता दिल्लीको एक अदालतमा श्री केजरीवालको अन्तरिम जमानतको म्याद सकिएपछि उनको न्यायिक हिरासतमा १४ दिन थप्नको लागि निवेदन दायर गरेको थियो।

9. Gujarat – Rajkot – Fire Incident

गुजरात उच्च अदालतले आज राजकोट आगलागी त्रासदीको बारेमा सुनुवाइ गरेको छ। यसैबीच, गुजरात सरकारले घटनाको अनुसन्धान गर्न सीआईडी-को नेतृत्वमा एउटा विशेष अनुसन्धान टोली गठन गरिएको अदालतलाई जानकारी गराएको छ। यसअघि गुजरात सरकारले राजकोटको आगलागी त्रासदीको सम्बन्धमा दुई प्रहरी अधिकारीहरू सहित सात अधिकारीहरूलाई निलम्बन गरेको थियो। शनिबार भएको उक्त दुर्घटनामा कम्तीमा ३० जनाको मृत्यु भएको आशंका गरिएको हाम्रा संवाददाताले जानकारी दिएका छन्।

10. DOT-SMS

दूरसञ्चार विभाग र गृह मन्त्रालयले सञ्चार साथी पहल मार्फत एसएमएस ठगीबाट नागरिकलाई जोगाउन कारबाही गरेको छ । विगत तीन महिनामा आठवटा एसएमएस हेडर प्रयोग गरी दश हजारभन्दा बढी ठगी सन्देश पठाइएको सञ्चार मन्त्रालयले जनाएको छ । ती एसएमएस हेडरका प्रमुख निकायलाई कालोसूचीमा राखिएको उल्लेख गरिएको छ ।

11. Papua New Guinea – Landslide

पपुवा न्यु गिनीमा गत शुक्रबार गएको पहिरोमा परी करिब दुई हजार मानिसको मृत्यु भएको आशंका गरिएको छ । राष्ट्रिय प्रकोप केन्द्रले संयुक्त राष्ट्रसंघलाई लेखेको पत्रमा सो जानकारी दिएको हो । यो संख्या पहिलेको अनुमानभन्दा धेरै हो । उद्धार टोलीहरू पहिरोको जोखिममा रहेका दुर्गम क्षेत्रका मानिसहरूलाई बचाउन कडा मेहनत गरिरहेका छन्।

12. Papua New Guinea – MEA

विदेशमन्त्री डा एस. जयशंकरले पपुवा न्यू गिनीमा हालै भएको पहिरो दुर्घटनाप्रति दुःख व्यक्त गर्नुभएको छ।  श्री जयशंकरले एक सामाजिक सञ्जाल पोस्टमा भारतको सहानुभूति पपुवा न्यू गिनी सरकार र जनतासँग छ भन्नुभएको छ।

13. IMD Weather

भीषण गर्मी र तातो हावाबाट राजस्थानका जनताले राहत पाएका छैनन् । धेरै ठाउँमा तापक्रमले नयाँ रेकर्ड बनाएको छ । पछिल्लो २४ घण्टामा फलोदीको अधिकतम तापक्रम ४९ दशमलव ८ डिग्री सेल्सियस रहेको छ। देशका धेरै राज्यहरूमा गर्मीको लहर जारी छ।  गर्मीबाट बच्न ठूलो संख्यामा पर्यटकहरू कश्मीर उपत्यका पुगिरहेका छन्।

14. FIH Hockey

बेल्जियमको एन्टवर्पमा जारी एफआईएच हक्की प्रो लिगको चौथो खेलमा भारतले अर्जेन्टिनालाई पराजित गरेको छ । हरमनप्रीत सिंहले उत्कृष्ट प्रदर्शन गर्दै तीन गोल गरे भने अरजित सिंह हुन्दल र गुरजन्त सिंहले एक एक गोल गरे । भारतको अर्को खेल जून १ मा जर्मनीसँग हुनेछ।

**प्रमुख समाचार पुन: एकपटक**

1. लोकसभा चुनावको सातौं र अन्तिम चरणको लागि प्रचारप्रसार तीव्र गतिमा
2. आत्मनिर्भर भारतको उद्देश्य स्वदेशी प्रतिभालाई बढावा दिनु र रोजगारी वृद्धि गर्नु रहेको प्रधानमन्त्री तथा भारतीय जनता पार्टीका वरिष्ठ नेता श्री नरेन्द्र मोदीको भनाइ
3. दिल्लीका मुख्यमन्त्री श्री अरविन्द केजरीवालद्वारा आफ्नो अन्तरिम जमानत थप सात दिन बढाउन सर्वोच्च अदालतमा निवेदन
4. अनि FIH हक्की प्रो लिग खेलमा भारतद्वारा अर्जेन्टिना पराजित

**आकाशवाणीबाट सुन्दै हुनुहुन्थ्यो समाचार, पूरा भयो।**